नीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ
बागमती प्रदेश, नेपाल

प.सं.: २०८१।०८२
च.नं.: ९८५२

मितिः २०८१।१०।२५

विषयः सूचना प्रकाशन सम्बन्धमा।

श्री सामाजिक विकास कार्यालय,
गजुरी, धादिङ।

प्रस्तुत विषयमा तहाँ कार्यालय र यस कार्यालयको साझेदारीमा यस नगरपालिकामा गृहिणी महिला सशक्तिकरण कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८० अनुसार सञ्चालन हुने मिति २०८१।१०।२५ गते प्रकाशन भएको सीपमुलक तालिमको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना १ थान यसै पत्रसाथ संलग्न गरी पठाईएको व्यहोरा जानकारीकालागि अनुरोध छ।

..................
(पुरुषोत्तम सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश सरकार, हेटौंडा ।

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

प.सं.: २०८१।०८२ धादिङबेशी, धादिङ

च.नं.: बागमती प्रदेश, नेपाल

## सीपमुलक तालिमका लागि आबेदन पेश गर्ने सम्बन्धी सूचना

(सूचना प्रकाशन मितिः२०८१/१०/२५)

नीलकण्ठ नगरपालिका र बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको साझेदारीमा गृहिणी महिला सशक्तिकरण कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८० को दफा ५ बमोजिम तपसिलमा उल्लेखित विषय क्षेत्र मध्ये कुनै एक विषय छनौट गरी तालिम लिन इच्छुक नीलकण्ठ नगरपालिकाको सम्बन्धित वडामा स्थायी बसोबास गरेका गृहिणी महिलाहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र वडा कार्यालयमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिसहित निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

तालिमका विषयक्षेत्रः

(क) लघु उद्यमसँग सम्बन्धित पेशा तथा व्यवसाय

(ख) व्युटिसियन तालिम

(ग) अचार र गुन्द्रुक बनाउने

(घ) मैन बत्ति बनाउने

(ङ) पराल एवम् बेतबाँसजन्य सामग्री निर्माण

(च) मौरी पालन

(छ) घरेलु उद्योगसँग सम्बन्धित व्यवसाय

(ज) निर्माण, कृषि सेवा, विद्युतीय वायरिङ, हस्तकला तथा तयारी पोशाक, खाद्य सामग्री प्रशोधन र सूचना तथा प्रविधिका क्षेत्रसँग सम्बन्धित ।

नोटः

१. यो कार्यक्रम नीलकण्ठ नगरपालिकाको वडा नं. ५, ७, ९, १२, १३ र १४मा सञ्चालन हुनेछ।
२. यस कार्यक्रममा सहभागी हुने गृहिणी महिला २० देखि ५५ वर्ष उमेर भित्रको हुनुपर्ने तथा कुनै स्थायी वा करार जागिरमा आवद्ध नभएको हुनुपर्नेछ ।
३. तोकिएको विषयक्षेत्र अन्तर्गतको व्यवसायमूलक तालिम कम्तिमा पन्ध्र दिन देखि तीन महिनासम्मको हुनेछ ।
४. छनौट भएका गृहिणी महिलालाई प्रति समुह बीस देखि तीस जनाको समूहमा राखी तोकिएको विषय क्षेत्रमा तालिम सञ्चालन गरिनेछ ।

साथै कार्यक्रम सम्बन्धमा थप जानकारीकालागि नगरपालिकाको महिला तथा बालबालिका शाखामासमेत सम्पर्क गर्न सकिने छ।

(पुरुषोत्तम सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत